**स्थानीय सरकार**
**नगर कार्यपालिकाको कार्यालय**
**दुहवी, सुनसरी**

**विषयः वार्तामा सहभागी हुनको लागि ७ दिने सूचना।**
**मिति २०८३/०३/११**

यस दुहवी नगरपालिकाको स्वामित्वमा वडा नं. ५ साविक दुहबी ७(ख) मा रहेको किनं.२६ को ज.वि. (०-९-१८.५) स्थित रहेको जग्गामा निर्माण भएको व्यवसायिक भवनमा थप निर्माण तथा तल्ला थप हुने गरि " बहुउदेशिय व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन आयोजना" सार्वजनिक निजी साझेदारीमा निर्माण, सञ्चालन व्यवस्थापन तथा हस्तान्तरणको ढाँचामा गरिने भएकोले यस पालिका बाट मिति २०८३/०१/०३ मा आशय पत्र पेश गर्न भनि ३० दिने सुचना जारी गरेकोमा तोकिएको समय भित्र आशय पत्र दर्ता नभएको तथा यसै सन्दर्भमा पुनः मिति २०८३/०२/०६ गते दोस्रो पटक आशय पत्र माग गरिएको गर्न भनि १५ दिने सुचना पुनः आह्वान गर्दा समेत कुनै प्रस्ताव दर्ता नभएको हुँदा दुहबी नगरपालिकाको को मिति २०८३/०२/२२ गते को निर्णयनुसार र सार्वजनिक निजी साझेदारी ऐन, २०८० को दफा २२ र कार्यविधि, २०८१ दफा १० को अधिनमा रहि इच्छुक लगानीकर्ता /फर्म /व्यक्ति /संस्थाले एकल वा साझेदारीबाट यस बहुउदेशिय व्यवसायिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन को लागि मिति २०८३/०३/११ गते देखि २०८३/३/१७ गते ७ दिन भित्र यसै कार्यालयमा वार्ता को लागि उपस्थित हुन आह्वान गरिन्छ। वार्ताको लागि तोकिएको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यस्को भोलिपल्ट सोहि समयमा उपस्थित भई वार्ता गर्न सकिनेछ। यस आयोजनाको आधार तथा विवरणको थप जानकारीको आवश्यकता परेमा यस कार्यालयको शहरी पूर्वाधार विकास शाखामा सम्पर्क गरी लिन सक्नु हुनेछ।

**क. वार्ताको लागि यस कार्यालयमा छलफलका आधारहरु :-**

१. **कार्यालयको नाम :** दुहवी नगरपालिका, दुहवी, सुनसरी।

२. **आयोजनाको जग्गाको विवरण : दुहबी न.पा** वडा नं. ५ मा साविक दुहबी ७(ख) रहेको किनं. २६ को ज.वि. (०-९-१८.५) मा हाल निर्माण भएको व्यवसायिक भवनमा भूमिगत सहित भुई तल्ला र प्रथम तल्लामा थप निर्माण तथा फिनिशिंग तथा त्यस भन्दा माथि तल्ला थप हुने गरि समेत।

३. **आयोजनाको नामः** दुहबी न.पा वडा न ५ स्थित प्लट न २६ मा रहेको बहुउदेशिय व्यावासयिक भवन निर्माण, सञ्चालन तथा व्यवस्थापन योजना।

४. **कार्यान्वयन गरिने सार्वजनिक निजी साझेदारीको ढाँचाः** निर्माण, सञ्चालन व्यवस्थापत तथा हस्तान्तरण ।

५. **निर्माण हुने भवनको विवरण :**

**५.१ सम्बन्धित भवनको विषयमा सम्पूर्ण विवरण पूर्वाधार शाखा बाट बुझ्न सकिनेछ।**

**५.२ निर्माण हुने भवनको किसिम :** आर.सि.सि तथा स्टिल फ्रेम इस्ट्रक्चरको हुनेछ।

६. **वार्ताको लागि समय तथा स्थान देहाय बमोजम को हुनेछ :-**

६.१ वार्ता को लागि सम्पर्क गर्न स्थान र समय सुचना प्रकाशन भएको मिति देखि अन्तिम समय सम्म दैनिक ९ बजे देखि ५ बजे सम्म दुहबी न.पा को सा.नि.सा ईकाइको कार्यालय ( पूर्वाधार विकास शाखा )

२०८३/३/११
सुवर्ण घिमिरे